

# केदार न्यौपाने :
# नेपाली कम्युनिष्ट आन्दोलनका अथक योद्धा



– बोलबहादुर कार्की

भोजपुरको गोगनेको रचनेमा बुवा लिलानाथ न्यौपाने र माता विष्णुमाया न्यौपानेको कान्छो सन्तानको रूपमा २०११ असार १७ गते मेरो जन्म भयो । हाम्रो घर परिवारमा चार दाजुभाइ, चार दिदिबहिनी भाउजु भतिजभतिजा गरी ठुलो परिवारको थियो ।

गोगनेमा रमिते भन्ने डाँडा थियो । त्यहाँ स्कूल थियो । बाले स्कुलमा भर्ना गर्न लिएर जानुभयो र भर्ना गर्नुभयो । त्यतिबेला काठको पाटीमा माटो राखेर लेख्ने पढ्ने चलन थियो । स्कुलमा गुरुले "ङ" लेख्न लगाउनुभयो । लेख्न नआएपछि बेस्सरी कुट्नुभयो र रुँदा मुखमा माटो कोचाउनुभयो । मनमा त्रास जाग्यो । पढाइप्रति रुची भएन । त्यसपछि त्यहाँ पढ्न जान छाडेर गोगनेमा रहेको संस्कृत विद्यालय शिबाल्यमा पढ्न थालेँ । गोठाले हुँदै पढाई सुरु भएको थियो । तर त्यहाँको गुरु जयदेव अधिकारीले नियमित को आउँछ, को आउँदैन भनेर एकदमै ध्यान दिनुहुन्थ्यो । सोही क्रममा मेरो विद्यालय जाने र राम्रो पढ्ने लत बस्यो र प्रथमा पास गरियो । झापामा ठुलो दाइ सूर्य न्यौपाने फरेस्टर गार्ड काम गर्नुहुन्थ्यो । उहाँले सबै परिवारलाई झापा सार्नुभयो । म पनि झापा पुगेँ । चन्द्रागढीको सरकारी वकिलको कार्यालयमा संयोगले बहिदारको जागिर भेटेँ । त्यही पैसा जोगाएर चन्द्रागढी हाइस्कुलमा ८ कक्षा सम्म पढेँ । पछि भद्रपुर हाइस्कुलमा ९ कक्षा पढ्न गएँ । त्यहाँ महिनावारी फिस तिर्नुपर्थ्यो तर पैसा थिएन । त्यो पीडाको आफ्नै कथा छ । हाइस्कुलमा स्ववियुको कोषाध्यक्ष भएँ । यहीँदेखि राजनीतिको रंग लाग्यो । त्यहाँ पनि कठिनाइहरू बेहोर्दै एसएलसी पास गरेँ । पछि मेची क्याम्पस पढेँ । त्यहाँको २०२९ सालमा पार्टीले उठाएपछि स्ववियु सभापतिमा उठेँ र १ भोटले हारेँ । यसै बिचमा मुकुन्द दाई मार्फत झापा विद्रोहमा बनेको पार्टीको सम्पर्कमा गइसकेको थिएँ । ०२८ सालमा मुकुन्द दाइ भूमिगत हिडेँपछि चिरञ्जीवी दाहालले आधिकारिक पार्टी सम्पर्क गर्नुहुन्थ्यो । उहाँले भूमिगत सेल्टरमा लानुहुन्थ्यो ।

म कम्युनिष्ट पार्टीको सदस्य भएको ०२९ सालमा हो- झापामा। त्यसबेला चर्चित थियो- रक्तरञ्जित झापा सङ्घर्ष। ने.कमरेडपा.को झापा जिल्ला कमिटीले चारु मजुमदारको लाइनमा त्यो सङ्घर्ष गरेको थियो। वर्गदुश्मन सफायामार्फत् गुरिल्ला युद्धको सुरुआत गर्ने र त्यो युद्ध मार्फत कम्युनिष्ट पार्टीको नेतृत्वमा जनवादी सत्ता स्थापना गर्ने लक्ष्य थियो झापा सङ्घर्षको।

झापा सङ्घर्षको मुख्य नेता राधाकृष्ण मैनाली, सी.पी. मैनाली, के.पी. ओली, मुकुन्द न्यौपाने, मोहनचन्द्र अधिकारी, रामनाथ दाहाल आदि हुनुहुन्थ्यो। तर के.पी. ओलीसँग मेरो भेट भएन। त्यस समयमा झापामा सी.पी.लाई एउटा चमत्कारी नेताको रूपमा मानिन्थ्यो।

म चन्द्रगढी माविमा शिक्षक पनि थिएँ। आफैले कमाएर अध्ययन गर्नुपर्ने अवस्थाले म शिक्षक भएको थिएँ। भूमिगत तरिकाले पार्टी काममा जुट्न थालेको थिएँ। विद्यालयमा छुट्टी हुने बित्तिकै म गाउँतिर जान्थेँ- भूमिगत साथीहरूलाई भेट्न तथा सङ्गठन बनाउन। सधै बिहानै उज्यालो हुनुअघि घर आइपुग्थेँ र दिउँसो दुरुस्त भएर विद्यालय हाजिर हुन्थेँ। सी.पी.ले पटक-पटक-पूर्णकालीन भूमिगत कार्यकर्ता भएर काम गर्न प्रस्ताव राख्नुहुन्थ्यो। तर म हौसिएर, हकिएर होइन आत्मनिर्णय गरेर यसबारे निर्णय गर्न चाहन्थेँ। सी.पी.को प्रस्ताव सुन्थेँ र 'हँ' 'न' नभनी टारिदिन्थें।

०३२ साल जेष्ठ २५ गते को-अर्डिनेसन केन्द्रको गठन भयो। केन्द्रले पार्टी निर्माणको लागि कार्यकर्ता विन्यास गर्ने निर्णय गऱ्यो। पूर्णकालीन भएर काम गर्नु पर्नेमा म पनि परेँ। पार्टीको निर्देशनमा स्थायी शिक्षक छोडेर भूमिगत हुने निर्णय गरेँ। ०३२ साल असार ५ गते मैले घर छोडेँ। मसँग एक जना राम पोखेल हुनुहुन्थ्यो। मलाई बारा जिल्ला खटाइएको थियो। त्यो रात म सिराहा-विष्णुपुर मणिलाल राईको घरमा पुगेँ। मणिलाल राई को.के.को संस्थापक नेता हुनुहुन्थ्यो, मलाई उहाँको सम्पर्क दिइएको थियो। विनोद घिमिरे (सहिद) र हरि पोखेलसँग पहिलो भेट मेरो त्यहीँ

भयो । मणिलाल राईका कुराले अरु जोस्यायो । त्यो घर पार्टीकै घर रहेछ । आमा धेरै असल । भोलिपल्ट ६ गते असार मणिलालले मलाई बाराको कलैया पुऱ्याउनुभयो । कमला नदीको भेलमा डुँगा तर्दा झण्डै बग्यौं हामी । माझीले बचाए । त्यतिबेला यात्रा सकिएछ जस्तो पनि भयो । कलैया पुग्नुअघि मणिलालले बिरगञ्ज को हिमाचल केबिनमा खाजा खुवाउनु भयो । त्यो रात कलैया बास भयो सुशील मुडभरीको घरमा । भोलिपल्ट मोहन कोइरी लिन आउनुभयो । पसाहा नदीको किनारमा रहेको एउटा सानो गाउँमा बसाइयो । बाराका पलट चौँधरीले भोलिपल्ट श्रीपुर गाउँ आफ्नो घरमा लिएर जानुभयो । सुरु भयो साँचो भूमिगत यात्रा ।

बारा-जिल्लाको श्रीपुर गाउँ कमरेडपलट चौधरीको घर हाम्रो भूमिगत आश्रय भयो । पलट चौधरी खाइलाग्दो, अग्लो, हँसिलो र जोसिलो मान्छे । उहाँ गरिब किसान वर्गको हुनुहुन्थ्यो । पलट चौँधरी र मैले एउटै थालमा भात खायौँ ।

पहिलो रातबाटै पार्टी काम सुरु भयो । किसानहरू शर्माजीका कुरा सुनेर अभ्यस्त भइसकेको रहेछन् । मुकुन्द कमरेडलाई त्यहाँ शर्माजी भनिँदोरहेछ । उत्सुकतापूर्वक नयाँ कमरेडका कुरा सुन्न भेला भएका किसानहरूलाई सम्बोधन गर्न मलाई भाषाका कारणले धेरै गाह्रो भयो । पलटले हौसला दिनुहुन्थ्यो र ‘भाषा सिकिहालिन्छ नि नआत्तिनुस्’ भन्नुहुन्थ्यो । पछि बिस्तारै सहज भयो । बिहानको चार नबझ्दै पलटले हामीलाई ब्युँझाउनुभयो । हामी लट्ठ थियौँ निद्राले । “कमरेड उठनुहोस्, दिसा-पिसाब गर्न जानुपर्छ । उज्यालो भयो भने सबै मान्छे उठ्छन्-त्यसपछि जानै सकिन्न ।” पलटको बोलीले हामीलाई थर्कायो । यसरी दैनिकी चल्थ्यो ।

दोस्रो दिन राति मुकुन्द दाइ आइपुग्नु भो । ४ वर्ष पछिको भेट थियो उहाँसँग । चन्द्रगढीमा उहाँ भूमिगत हुँदा भएको विदाइपछि उहाँसँग भेट भएको थिएन । म भावविभोर भएँ । रमाइलो लाग्यो र उत्साहित पनि

भएँ । उहाँले हामीलाई पार्टीका धारणाहरू बताउनु भयो । हामीले गर्नुपर्ने कामहरूबारे निर्देशन पनि दिनुभयो । श्रीपुरा गाउँलाई केन्द्र भागमा राखेर मैले वरिपरिका गाउँहरूमा सङ्गठन विस्तार गर्नु थियो । पछि पडेरी गाउँमा पुगें । काशि चौधरीको घर पडेरी गाउँको मुख्य आश्रय थियो । काशिको श्रीमतीको नाम थसकल्नी हो ।

म प्रशिक्षित गर्थें, सङ्गठन बनाउँथें । काशिको घरमा म परिवारको सदस्य जस्तै भएर बसें । उिहान सबेरै उठ्थें, कसिँगर बढार्थें, पानी ल्याइदिन्थे, थसकल्नीलाई ढिकी कुट्न पनि सघाउँथें । म ढिकी कुटिदिन्थें, थसकल्नी घान लगाउनु हुन्थ्यो । थसकल्नीलाई पनि सङ्गठनप्रति रुचि बढ्दै गयो । म उहाँलाई चित्र कथा पढाउँथें । पछिल्ला दिनहरूमा थसकल्नी चित्र कथाका किताब बोकेर महिलाहरूलाई सम्भ्फाउन र सङ्गठित गर्न टोलटोलमा हिँड्नुहुन्थ्यो ।

“एक एरिया, एक युनिट, एक स्क्वाड, एक-एक्सन र एक क्रान्तिकारी सरकार” हाम्रो कार्यनीतिक कार्यदिशा थियो । यसै अनुसारका इलाका थिए- धोधरपा, पडेरी, श्रीपुरा, विष्णुपुरवा । यी गाउँहरूमा राजनीतिक युनिट निर्माण गरिएका थिए, नौतन, पडेरी, श्रीपुरा र विष्णुपुरवामा स्क्वाड पनि बनाइयो । पडेरी नजिकैको एउटा गाउँ छ– गाछीटोल । त्यहाँ त सुरुङसम्म खनियो । गाछीटोलका जनता रात-रातभर सुरुङ खन्ने काममा सरिक भए । त्यो ठाउँमा कोही हाम्रा विरोधी थिएनन् ।

प्रत्येक गाउँको वर्गविश्लेषण गर्ने काम सक्रियतापूर्वक गरियो । गरिब र भूमिहीनलाई नेता बनाउने, मध्यम किसानलाई मित्र शक्तिको रूपमा गोलबन्द गर्ने, धनी किसानलाई तटस्थ बनाउन प्रयत्न गर्ने र जमिन्दारलाई प्रहार गर्ने नीति अनुरूप कामहरू हुन थाले । गाउँमा समाप्त गर्नुपर्ने ठुलो अपराधी को होला भनेर चिन्हित गर्ने कामहरू पनि भए । यी नीतिहरूलाई कार्यान्वयन गर्नु मेरो पहिलो जिम्मेवारी बन्यो ।

त्यस दिन बिहान सबेरै कमरेड अमृत बोहोरा र म बिरगञ्ज पुग्यौं। त्यो घर मदन ढुङ्गेल र पवन मुडभरी बस्ने एउटा डेरा थियो, भूमिगत सेल्टर। सम्पर्क सूत्रको आधारमा हामी त्यहाँ आएका थियौं। कमरेड अमृत बोहोरा काम विशेषले भोलिपल्ट फर्कने गरी कतै जानुभयो, मचाहिँ त्यहीँ बसें। साँझतिर हामीलाई सूचना आयो, हामी बसेको त्यो डेरा प्रहरीले पत्ता लगाएको छ, कुनै पनि बेला छापा मारिन सक्छौं र हामी त्यहाँ बस्ने सबै गिरफ्तार हुन सक्छौं। यो सूचना ल्याउने व्यक्ति हुनुहुन्थ्यो रामचन्द्र ठकुरी। हामीबिच यस विषयमा भएको लामो छलफलपश्चात् सूचना सत्य नभएको निष्कर्ष निकालियो। डरपोक नहुने भावना राखी साहसका साथ त्यहीँ बस्ने काम भयो। सूचना सत्य रहेछ भन्ने कुरा त्यतिबेला थाहा भयो जतिबेला रातको १ बजे हामी सबै कोठाभित्र प्रहरीको कब्जामा पर्‍यौं। त्यो ०३२ साल चैत्र १४ गतेको रात थियो।

“धेरै काम गर्नै नपाई मारिने भइयो थुइयय् !” मेरो मन भुट्भुटिँदै थियो। सायद सबै साथीहरू त्यही सोच्दै हुनुहुन्थ्यो। म लामको अन्त्यमा उभ्याइएको थिएँ। अरुको नाम, थर, ठेगाना सोधिसकिएको थियो र अन्त्यमा मेरो सोधियो। मैले भने “मेरो नाम खगेन्द्र शर्मा हो। मेरो घर भोजपुर कुलुङ हो, म बिरगञ्ज पढ्न आएको हुँ।”

अचानक मेरो मुखमा यही फुर्‍यो। यसभित्र झुक्याएर कहीँ छुट्न सकिन्छ कि भन्ने सानो लालसा थियो। प्रहरीले मेरो सबै कुरा टिपोट गर्‍यो र भन्यो “आउँछस् पढ्न। अब देख्लास् !” हामीलाई बिरगञ्ज को डिएसपी कार्यालय पुर्‍याइयो। त्यस बेलादेखि बिरगञ्ज डिएसपी कार्यालय हाम्रो यातना गृह बन्यो। लगातार तीन महिना कठोर यातनासँग खेल्दै हाम्रा दिनहरू त्यहाँ गुज्रिए।

दस दिनपछि हाम्रो बयान सुरु भयो। बयानमा हामीसँग सोधिएको थियो, ‘नेताहरू को को हुन् ? ती कहाँ बस्छन् ? सेल्टरहरू कहाँ-कहाँ छन् ? हतियार कहाँ लुकाएका छौ ?’ हामी कसैबाट यसको उत्तर प्रहरीले चाहे

जस्तो आएन । प्रत्येक दिन आलोपालो गरेर हामीलाई पिट्न सुरु गरियो । पिटाइ खप्न नसकेर साथीको चित्कार हाम्रो कानसम्म आउँथ्यो । लामो सास फेर्दै हामी सुस्केरा हाल्थ्यौं, चिन्ताले लछप्प भिजेको सुस्केरा । हामी पालो पर्खेर बस्थ्यौँ । यातनाका चोटहरू बेहोर्ने पालो । आफूलाई चोटहरू खप्ने बनाउन सहिदहरूलाई सम्भने गर्थ्यौं ।

“गाउँमा कसरी गरिबको सरकार बनाउने ?” भन्ने शिर्षकको एउटा चार्ट लगायत कागजात प्रहरीले हामीसँग फेला पारेको कागजात थियो । वास्तवमा त्यो चार्ट कुनै एउटा निश्चित गाउँमा गरिबको सरकार निर्माण गरिहाल्ने घोषणा नभएर चारु मजुमदार लाइनको सरल व्याख्या मात्र थियो । त्यसमा “एक एरिया, एक युनिट, एक स्क्वाड, एक एक्सन, एक क्रान्तिकारी सरकार” को व्याख्या चारु मजुमदारको लाइनको आधारमा सरल ढङ्गले गरिएको थियो । मलाई लाग्छ त्यो चार्टलाई प्रहरीले गम्भीरतापूर्वक लियो । उनीहरूले हामीलाई बारम्बार त्यही खाकाको आधारमा सोध्ने गर्थे– कति वटा स्क्वाड कहाँ छन् ? र एक्सन कहाँ हुँदैछ ? बयानमा त्यही खाका अगाडि राखिन्थ्यो र हामीलाई व्याख्या गर्न भनिन्थ्यो ।

मलाई सोधपुछ गर्दा मैले त्यसको सैद्धान्तिक व्याख्या गरेँ र भनेँ “यो हाम्रो लाइन हो । तर हामीसँग अहिलेसम्म स्क्वाड र हतियार दुवै छैन ।” तर पत्याइएन । त्यसको बदलामा लगातार यातना दिने काम जारी राखियो । तीन महिना यातना दिँदा पनि हामी टसमस भएनौँ । एक दिन यातना दिने क्रममा एस.पि.को नजर मतिर पऱ्यो । एस.पि.ले टाउको हल्लायो र मतिर हेर्दै भन्यो, “तँ मन्त्री हुने होइनस्, मन्त्री हुने अर्कै छ । किन ज्यान फाल्छस् ? थुइक्क ।” म केही बोलिनँ । हामीलाई पुनः यातना कोठामा लाने आदेश भयो ।

प्रहरी हिरासतमा दिइएको यातनाको अन्तिम दिन ‘पार्टीमा किन लागिस् ? लेख’ भनेर एउटा कागज अघि सारियो । त्यति लामो बयानपछि यो

लिखतको के अर्थ थियो थाहा छैन । कुटाइले थलिएका हातहरूले कलम समाउन सक्ने अवस्था थिएन । फेरि पनि सकी नसकी लेखिदिएँ, 'म गरिब वर्गको मान्छे, गरिबको हातमा शासन आयो भने गरिबको भलाइ हुन्छ भनेर लागेको ।' लिखत लामै थियो तर सार यही हो ।

लगातार तीन महिना यातना दिइएपछि अन्त्यमा हामीलाई बिरगञ्ज जेल चलान गरियो । हामीलाई २० वर्षसम्म थुन्न सकिने राजकाज अपराधको दफा लगाएर पुर्जी थमाई जेल पठाइएको थियो । जेल प्रशासनसँग हामीले माग गर्‍यौं, राजनीतिक बन्दीको व्यवहार गर । जेलर थिए मरमानन्द खरेल । उनले हामीलाई दर्खास्त हाल्ने सुझाव दिए । हामीले इन्कार गर्‍यौं । केही दिनमै म अत्यन्त बिरामी भएँ । दिसाबाट ह्वाल्तीह्वाल्ती रगत जान थाल्यो । पेट फुलिरहन्थ्यो, बारम्बार दिसा जानु पर्थ्यो र प्रत्येक पटक दिसाबाट छुरो रगत बग्ने गर्थ्यो । यो कुरा मैले साथीहरूसँग भनेँ । उहाँहरू पनि चिन्तित हुनुभयो । जेलरले बिरगञ्ज अस्पताल लैजाने व्यवस्था मिलाए ।

ठ्याक्कै मिति त थाहा भएन, सायद ०३३ साल कार्तिक तिरको कुरा हो, मलाई हत्कडी बाँधियो र जेलबाट निकालियो । प्रहरीले मलाई हत्कडीसँगै घिसारेर बिरगञ्ज अस्पताल पुर्‍याए । मलाई सम्झना भएसम्म डा. विश्वराज दली त्यहाँ त्यसबेला कार्यरत हुनुहुन्थ्यो । उहाँले नै मलाई जाँच्नु भयो । "पायल्स निकै चरम अवस्थामा पुगेको र अप्रेसन गर्नैपर्ने" डा. दलीको सुझाव रहयो । मलाई पुर्जी सहित जेल फर्काइयो ।

दोस्रो दिन फेरि मलाई अस्पताल पुर्‍याइयो । डाक्टरको सुझाव अनुसार इलाज गर्न जेल तयार देखियो । डा. दलीले अप्रेसनको लागि मलाई भर्ना गर्नुभयो । बिरगञ्ज अस्पतालको माथिल्लो तलाको दक्षिण पट्टिको अन्तिम कोठामा मलाई सुताइयो । म सशस्त्र प्रहरीको घेराभित्र हत्कडीमा बाँधिएर अस्पतालको बेडमा सुतेँ । मेरो अपरेसन भयो । निको हुन समय लाग्यो ।

बाहिर पार्टी के हुँदैछ भनेर धेरै चिन्ता लाग्थ्यो । फेरि मणिलाल राईको गिरफतारीको सूचनाले हाम्रो दिमागमा एउटा दुःख थपिदियो । ०३४ सालमा सिराहामा नेतृत्वकारी साथीहरूको टिम नै गिरफ्तारीमा परेछ । मणिलाल राई, हरि पोखेल, राममणि पोखेल, जया, विजया घिमिरे आदि नेतृत्वका कमरेडहरू पक्राउ पर्नु भएको खबरले हामी ज्यादै मर्माहत भयौं । सि.पि. जस्तै मणिलाल राईबाट म धेरै प्रभावित थिएँ । मैले मणिलाल राईलाई हक्की स्वभाव भएको, देखेको कुरा बोल्न सक्ने, सिर्जनात्मक क्षमता भएको मान्छेको रूपमा महसुस गरेको थिएँ । उहाँको गिरफतारी ठुलो धक्का हो भन्ने महसुस गरें । जेलमा हाम्रो काम छटपटिने र महसुस गर्ने बाहेक के नै पो हुन सक्थ्यो र ?

सम्भवतः ०३५ सालको श्रावण-भदौतिर मणिलाल राई बिरगञ्ज जेलमा सरुवा भएर आउनु भयो । उहाँसँग हरि पोखेल र राममणि पोखेल पनि हुनुहुन्थ्यो । उहाँहरूसँगको भेट हामीलाई पार्टी भित्रको वैचारिक बहस बुझ्ने एउटा अवसर थियो । कमरेड मणिलाल राईसँग धेरै लामा कुरा भए जेलमा । मणिलाल पार्टीले लिएको राजनीतिक लाइनप्रति असन्तुष्ट हुनुहुन्थ्यो । उहाँको विचार यस्तो थियो, “नेपाली क्रान्तिको बाटो नेपालको परिस्थिति अनुकूल नै तय गरिनु पर्छ । कसैको नक्कल गरेर क्रान्ति गर्न सकिन्न । चारु मजुमदारको लाइन गलत छ । व्यक्ति हत्याबाट गुरिल्ला युद्ध सम्पन्न हुन सक्तैन । जनसङ्गठन, जनआन्दोलन र जनविद्रोहको बाटोबाट अगाडि बढ्नु पर्छ ।”

मणिलाल उदास र दिक्क जस्तो हुनुहुन्थ्यो । मैले उहाँलाई भन्ने गर्थें ‘तपाईँले आफ्ना कुरा आफ्नो कमिटीमै राख्नुपर्छ । तपाईँ जस्तो मान्छे उदास भए ठुलो नोक्सानी हुन्छ ।’ उहाँ भन्नुहुन्थ्यो, “केन्द्रीय कमिटीमा लामो समयदेखि बारम्बार कुरा उठाएको तर कुनै सुनुवाइ नभएको ।” उहाँ उदासिएर एक पटक भन्नु भयो “म गरिब वर्गबाट आएको मान्छेको कुरा जतिसुकै राम्रो भए पनि कसले सुन्छ ? सी.पी. माथिल्लो वर्गबाट आउनु

भएको छ, उहाँप्रति नै सबै नतमस्तका हुन्छन् । यो केन्द्रीय नेताहरूमा रहेको माथिल्लो वर्गलाई पत्याउने र पुज्ने एउटा दास भाव हो ।"

म तीन वर्षजति जेल बसेँ । ०३६ साल सुरुका केही महिनाहरू मैले बारा र पर्सामा बिताएँ । मेरो कार्यक्षेत्र बारा थियो तर पर्सामा पनि मैले काम गरेँ ।

सायद ०३६ सालको अन्त्यतिर मलाई पार्टीले चितवन पठायो । विष्णु घिमिरे, नरबहादुर खाँड, सुभाखर चापागाईं, डम्बर राना (मामा), हरि ढकाल रहेको जिल्ला सङ्गठन कमिटी थियो । नेतृत्व निर्माण मुख्य समस्या थियो । मेरो ध्यान त्यतातिर गयो ।

०३८ साल असोज ५ गतेको ११ बजेतिर कम हरि सापकोटा एउटा झोला भिरेर म कहाँ आउनु भयो । म केशरबागमा रहेको पार्टीको एउटा सेल्टर- ज्ञानहरि वाग्लेको घरमा बसेको थिएँ । कमरेड हरि सापकोटा एस.एल.सी. दिएका भर्खरको ठिटो हुनुहुन्थ्यो । पार्टी राजनीतिले उहाँलाई उत्साहित, प्रभावित र जागृत बनायो । पार्टीले उहाँलाई पूर्णकालीन भएर काम गर्न आग्रह गऱ्यो, प्रेरित गऱ्यो । उहाँ पूर्णकालीन भएर काम गर्न तयार हुनुभयो । धेरै खुसी लाग्यो । यसै गरी ०३९ सालको जेठ तिर कमरेड देवी ज्ञवालीले पार्टी कामको लागि घर छोडनु भो र भूमिगत भई क्रियाशील हुन थाल्नुभयो । बुझ्ने र प्रस्तुति गर्ने क्षमता उहाँको राम्रो थियो । म झन् खुसी भएँ ।

मलाई लाग्छ, त्यही अवधिमा कमरेड काशिनाथ अधिकारी चितवन आउनु भयो–रामपुर क्याम्पसमा अध्ययनको लागि । वि.एस.सी (एजी) मा उहाँले नाम लेखाउनु भएको थियो । दण्डपाणि बस्याल मार्फत उहाँसँग मेरो भेट भयो । त्यो भेट कमरेड विष्णु घिमिरेकै घरमा हुनुपर्छ । पहिलो भेटमै कमरेड काशिनाथ अधिकारीको इमान्दारिता र सोझोपनबाट म प्रभावित

भएँ । बेलाबेलामा हाम्रो भेट भइरह्यो । उहाँले पनि पूर्णकालीन भूमिगत भएर काम गर्न थाल्नु भयो । उहाँको कार्यक्षेत्र शुक्रनगर थियो ।

कमरेड सूर्यचन्द्र न्यौपाने चितवन पार्टी कामको लागि पूर्णकालीन भएर आउनु भयो। उहाँको जोशले म प्रभावित भएँ। उहाँलाई शुक्रनगर पठाइयो। खटाएको ठाउँमा आनाकानी नगरिकन जाने, आँटिलो लप्पनछप्पनबिना आफ्ना कुरा राख्ने स्वभाव सूर्यमा थियो । अर्का कमरेड सूर्य शर्मा चितवनको पार्टी जीवनमा सम्झनुपर्ने योग्य नाम हो । २०३७ साल सुरुमा जिल्ला कमिटीमा सङ्गठित हुनुभयो । पछि अन्य जिल्लामा पार्टी निर्माणका लागि खटायो । उहाँसँग लोभलाग्दो क्षमता थियो ।

०३९ साल अन्त्यतिरको कुरा। रणध्वज कन्दङवा हिलवर्ड बोर्डिङमा पढाउनु हुँदो रहेछ। उहाँको बारेमा मजदुर साथीहरूले सूचना गर्नुभयो, "मसिनो गरी विस्तारै बोल्ने एकजना मास्टर हुनुहन्छ। उहाँसँग भेटेर राजनीतिक कुरा राम्ररी राख्न सके काममा आउनु हुन्छ जस्तो छ।" सूचनाको आधारमा उहाँसँग भेट गरियो। नारायणगढ कमरेड शम्भु सुवेदीको डेरामा। बारम्बारको भेटपछि उहाँ पार्टी काममा लाग्न तयार हुनुभयो ।

जयन्त कमरेड मेरो मिल्दो साथी । समकालीन भएर पनि हो । उहाँ र म एकै पटक घर छोडेर हिँडेका । उहाँसँग मनका कुरा धित मारेर गरिन्थ्यो । म गीत लेख्थेँ र उहाँलाई सुनाउथेँ। एक पटक मैले बनाएर उहाँलाई सुनाएको गीत यस्तो थियो-

क्रान्तिको बिगुल घन्कनै लाग्यो नेपाली माटोमा
सहिदहरू मरेर गए मुक्तिको बाटोमा
सहिदको खुनले लालीमा झण्डा झुक्दैन-झुकदैन
हिमालबाट चलेको आँधी हातले रुक्दैन ।
झापाको झिल्को डढेलो बन्छ खरानी बन्दैन

अन्यायी राज नडढेसम्म निभ्दैन-निभ्दैन
पहाड पाखा बन्दछ रातो लालीमा छाउँदछ
बसन्ती मेघ गर्जन्छ यहाँ बसन्त आउँदछ ।

मैले आफनै लयमा गीत सुनाएँ, उहाँ खुसी हुनुभयो । केही सुझाव पनि दिनु भयो ।

चितवन सचिवको हिसाबले अनुगमन गर्नु, योजना प्रस्तुत गर्नु र कार्यान्वयनमा ध्यान पुऱ्याउनु मेरो मुख्य जिम्मेवारी हुन्थ्यो । ०४२ सालतिर कमरेड देवी ज्ञवाली अन्यत्र जिल्लामा सरुवा भएर जानु भयो । जिल्ला कमिटीमा कमरेड रामप्रसाद ढकाल र कृष्ण खनाललाई ल्याइयो । ०४३ वैशाख २९ गते राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन थियो । पार्टीले पञ्चायती चुनावलाई उपयोग गर्ने नीति ल्याएकोले यो सरोकारको विषय भयो । ०४० सालमा भएको औपचारिक विभाजनको क्षतिले मसाल कुप्रिएको थियो । काँग्रेसप्रतिको आकर्षण पनि गौण थियो तर यो साबित गर्नु थियो ।

हामीले यसको तयारीमा राम्ररी जुट्ने निर्णय गऱ्यौँ । पहिलो कुरा कार्यकर्ता र शुभचिन्तकबिच चुनाव उपयोग सम्बन्धी पार्टी धारणा स्पष्ट गर्नु थियो । पञ्चायतमा सामेल हुने होइन, चुनावलाई पञ्चायत विरोधी मञ्चको रूपमा उपयोग गर्ने र आन्दोलनलाई सहयोग पुऱ्याउने हो भन्नेमा सहमत बनाउनु थियो । हामीले मेहनतपूर्वक त्यो काम गऱ्यौँ । दोस्रो कुरा, पार्टीलाई जनतामा देखिने गरी क्रियाशील पनि बनाउनु थियो । जनसङ्गठन मार्फत हामीले त्यो काम गऱ्यौँ । तेस्रो कुरा चुनावी तालमेल । चितवनमा २ सिट थिए । कुरा मिल्दा १–१ जना मिलाएर उठ्न सकिन्थ्यो । हामीले ने.कमरेडपा.(चौं.म.) सँग तालमेलको कुरा चलायौँ तर चौमसँग कुराकानी मिल्नै सकेन । फुटेको कारणले उनीहरू कमजोर भएका थिए तर मिलेर उठ्दा जनतामा वाम एकताको राम्रो सन्देश जान्थ्यो र दुई सिटमै वामपन्थीको विजय हुने थियो । चौमसँग कुराकानीमा सहमति

भएन । हामीले भीमबहादुर श्रेष्ठसँग कुराकानी गऱ्यौँ । भीमबहादुर श्रेष्ठ पत्याइएका वाम व्यक्तित्व ! उहाँसँग समझदारी भयो । हामीले एउटा भोट भीमबहादुर श्रेष्ठलाई माग्ने भयौँ ।

चौथो कुरा, उम्मेदवार छनोट । हामीले जेपी भेटवाललाई उम्मेदवार उठाउने निर्णय गऱ्यौँ । जे.पी. भेटवालको घर त्यतिबेला हाम्रो पार्टी कामको सुरक्षित आश्रय थियो पूर्वी चितवनमा । जेपी काठमाडौँमा बस्नुहुन्थ्यो र बेलाबेलामा घर आउनुहुन्थ्यो । उहाँको जनसम्पर्क अत्यन्त राम्रो थियो । लोकप्रियताको हिसाबले उहाँलाई उठाउँदा जितिन्छ भन्ने हाम्रो आँकलन थियो ।

फागुनको दोस्रो हप्तादेखि बैसाख २५, ०४३ सम्मको रेकर्ड हेर्दा जिल्लाका विभिन्न भागमा गरेर ६०० भन्दा बढी ससाना कोणसभाहरू र ४६ वटा जति ठूला सभाहरू सम्पन्न भएछन् । बैसाख २५ को नारायणगढमा भएको आमसभा र ऱ्याली अनि बैशाख २१ को भण्डारामा भएको सभा सबभन्दा ठूला थिए । नारायणगढमा तीस हजारभन्दा बढ्ता मानिस सम्मिलित थिए । छाता जे.पी.को चुनाव चिन्ह थियो । “पञ्चहरू जवाफ देऊ ।” भन्ने पर्चा हाम्रो एउटा प्रभावकारी पर्चा थियो । त्यसमा हामीले पञ्चहरूसँग २५ वटा प्रश्न गरेका थियौँ र जवाफ मागेका थियौँ । चुनाव जे.पी. भेटवालले जित्नु भो, पार्टीले जित्यो । पहिलो भोट हाम्रै आयो, सत्र हजारभन्दा बढ्ता । दोस्रो भोट भीमबहादुर श्रेष्ठको आयो, उहाँले पनि जित्नु भो । चितवनमा नेकपा (माले) हाबी भयो, वामपन्थी हाबी भयो । अबिरले मुछिएर जनतालाई अभिवादन गर्दै दौडिएको जोडी दृश्य अहिले पनि सम्झना छ । र, त्यो ताजाझैँ लाग्छ ।

१० वर्षपछि फेरि म बारा पुगेर काम गरेँ । पछि पार्टीको चौँथो महाधिवेशन सम्पन्न भयो– भदौ ९-१४, ०४६ सिराहामा । यसले तीन निष्कर्ष निकाल्यो । पहिलो, मार्गदर्शक सिद्धान्तको सम्बन्धमा माओ त्सेतुङ विचारधारालाई परित्याग गऱ्यो । दोस्रोः नेपाली क्रान्तिको कार्यक्रम

सम्बन्धमा नयाँ जनवादको परम्परागत यान्त्रिक अनुरणलाई परित्याग गरी बहुदलीय जनवादी शासन प्रणालीको कुरा अघि सा-यो र तेस्रोः निरङ्कुश राजतन्त्रको विरोध गर्ने जो कोहीसँग मोर्चा निर्माण गरेर अघि बढ्ने धारणा ल्यायो । तर विवादका विषयहरू पनि थिए । चौँथो महाधिवेशनमा एकमतोमा पुग्न नसकेका मुख्यतः चार वटा विषय थिए । तीनलाई मतदानबाट समाधान गरियो । मतदानबाट समाधान गरिएका चार वटा विषय यस्ता थिए : पहिलो, मार्गदर्शक सिद्धान्त सम्बन्धमा । एउटा पक्षले माओ विचारधारालाई मार्गदर्शक सिद्धान्तबाट हटाउनु पर्छ भन्यो, अर्कोले हटाउनु हुन्न भन्यो । हटाउनु पर्छमा ६० मत, हटाउनु हुन्नमा १५ मत आएको थियो ।

दोस्रो, प्रधान अन्तरविरोध बारे : एउटा पक्षको ठहर थियो– प्रधान अन्तरविरोध सामन्तवाद तथा नोकरशाही दलालपुँजीवाद र त्यसको हितको प्रतिनिधित्व गर्ने राजतन्त्रसँग छ । अर्को पक्षको ठहर थियो, सामन्तवादसँग प्रधान अन्तरविरोध मौजुद छ । पहिलो पक्षमा ६३ मत र दोस्रो पक्षमा ८ मत आएको थियो । ४ मतले अध्ययन गर्नुपर्छ भन्यो ।

तेस्रो, कार्यनीति सम्बन्धमा । एउटा पक्षको मत थियो– कार्यनीतिक मूलनारा गणतन्त्र नै हुनुपर्छ । जहाँसम्म आन्दोलनको मूल नाराको सवाल छ, त्यो किटान गरिनुहुन्न । विविध विषयमा आन्दोलन उठाउन सकिन्छ । अर्को पक्षको ठहर थियो– वर्ग सङ्घर्षको तत्कालिक स्तरमा कार्यनीतिक मूलनारा गणतन्त्र होइन, निरङ्कुशता तथा निर्दलीयताको अन्त्य र संविधानसभाको गठन हुनु उपयुक्त हुन्छ । आन्दोलनको निश्चित प्रस्थानबिन्दु तोकिनुपर्छ । पहिलो पक्षमा ४१ मत, दोस्रो पक्षमा ३३ मत आएको थियो । एक मत तटस्थ रह्यो ।

चौथो, नेपाली काँग्रेसको चरित्र निर्धारण सम्बन्धमा । एउटा पक्षको ठहर थियो नेपाली काँग्रेस दलाल नोकरशाही पुँजीपतिवर्ग र सामन्तको पार्टी हो । अर्को पक्षको ठहर थियो नेपाली काँग्रेस राष्ट्रिय बुर्जुवाको पार्टी

हो। पहिलो पक्षमा ४७ मत र दोश्रो पक्षमा २६ मत आएको थियो। दुई मत तटस्थ थियो। कार्यनीतिको सम्बन्धमा संविधानसभाको पक्षमा केही साथीहरू थिए। मेरो पनि आफ्नो विचार संविधानसभाको गठनको पक्षमा थियो। मैले लिखत नै पेस गरेको थिएँ। यो अल्पमतमा पऱ्यो। ३३ मत थियो यसको। महाधिवेशनमा प्रतिनिधिको सङ्ख्या ७५ जना थियो। महिला सङ्ख्या ४ जना मात्र थियो।

यी विषयहरूमा बहुमत अल्पमत पक्ष प्रकट भए पनि अल्पमत पक्षले आफ्नो विचार कायम राख्दै बहुमतको विचारलाई कार्यान्वयन गर्ने र पार्टीलाई एकताबद्ध बनाएर लैजाने प्रतिबद्धता जायर गऱ्यो। भाद्र १३ गते (०४६ साल) ३ बजे राति महाधिवेशन समापन गरियो।

म चौँथो महाधिवेशनबाट वैकल्पिक केन्द्रीय सदस्य चयन भएको थिएँ। मलाई जनकपुर अञ्चलको इन्चार्ज बनाएर पठाइयो। जनकपुर क्षेत्रीय कमिटीमा ४ वटा जिल्ला थिए- सिन्धुली, सर्लाही, महोत्तरी, धनुषा।

धनुषाको ग्रामीण क्षेत्र कम्युनिष्ट आन्दोलनबाट जागृत र प्रभावित थियो। गरिबी चरम थियो र वर्गसङ्घर्ष तिख्खर देखिन्थ्यो। स्थानीय तहमा सक्षम र सही नेतृत्व निर्माण गर्नसके आन्दोलन अगाडि बढ्ने थियो भन्ने मलाई लाग्यो। त्यस्तो नेतृत्वको खोजी गर्ने क्रममा मलाई योगेन्द्र साहले रामचन्द्र झासँग भेट गराउनुभयो। रामचन्द्र झा हक्की स्वभावको जनताको पक्षमा लड्ने मान्छे हुनुहुन्छ, उहाँलाई पार्टीमा ल्याउन पाए धेरै राम्रो हुन्थ्यो भन्ने योगेन्द्र साहको भनाई थियो। योजना मिलाएर म रामचन्द्र झाकोमा गएँ। साथमा योगेन्द्र साह हुनुहुन्थ्यो। पहिलो पटकमै जमेर कुरा भयो। मैले आफ्ना कुरा राखेँ र रामचन्द्रका पनि कुरा सुनेँ। आफ्ना कुराप्रति बढ्ता अडिने, आत्मविश्वासी र आक्रामक स्वभाव पाएँ मैले। तीन पटकको भेटपछि पार्टी काम गर्न उहाँ तयार हुनुभो। हामीलाई खुसी लाग्यो।

म शितल झाकोमा पनि गएँ । उहाँ चितवनको पर्सामा पढाउनु हुन्थ्यो । विज्ञानको प्रतिष्ठित शिक्षक कमाइ राम्रै थियो । जीविका चलाउने अरु खासै स्रोत पनि थिएन । "जनता तपाईँलाई खोज्दैछन्, तपाइँ सानो जागिरमा अड्किनु भएको छ, राम्रो भएन ।" मैले भने शितललाई । धेरैपटक भेटेँ, छलफल भयो । उहाँले जागिर छोड्नु भो र धनुषा फर्कनु भो ।

रामचन्द्र झा, शितल झाहरू पूर्णकालीन भएर काममा जुट्न थालेपछि काममा राम्रो हौसला थपियो । अञ्चलको टिम ज्यादै मिलनसार थियो हाम्रो । ज्ञानबहादुर भुजेल, पुरन ढुङ्गेल, योगेन्द्र साह सबैको स्वभाव फरक थिए, तर इमान्दारिता साझा थियो ।

म जनकपुर गएपछि एक पटक धेरै बिमारी भएँ । जे गरे पनि ज्वरो नरोकिने भयो । हेटौँडा आएर इलाज गरेँ । शान्ता हेटौँडा बस्थिन् र टेलरमा काम गर्थिन् । पारिश्रमिक थोरै थियो । छिमेकीहरूलाई भूमिगत कार्यकर्ता भन्ने थाहा थिएन । कही ठेक्कापट्टा काम गर्छ । कहिलेकाहीँ आउँछ भन्थे । प्रकाश काफ्लेले इलाजमा सहयोग गर्नुभयो ।

जनकपुर कामको हिसाबले विकासवान थियो, तर महोत्तरी अलि कमजोर थियो ।

त्यसबेला मुलुकको राष्ट्रिय सङ्कट चरम अवस्थामा बढ्दै थियो र निरङ्कुश राजतन्त्र विरोधी आन्दोलन लागि वातावरण अनुकूल बनेको थियो । पार्टीको सम्पूर्ण ध्यान आन्दोलन उठाउने कुरामा केन्द्रित रहेको थियो । नेपाली काँग्रेस खुल्लेआम संयुक्त मोर्चा गठनबारे अगाडि बढ्न नचाहे पनि निर्दलीय पञ्चायती व्यवस्थाको विरोधमा कुनै न कुनै रूपमा मिलेर संयुक्त आन्दोलन चलाउन तत्पर देखिन्थ्यो । यस कुरामा पार्टीले पहल लियो । पौष ०४६ को अन्तिम हप्तातिर सात वाम समुहको बिचमा वामएकता गरेर आन्दोलनमा अघि बढ्ने धारणाकासाथ वाममोर्चाको गठन समेत भयो । वाममोर्चामा नेकपा (माले), मनमोहन समुह, मानन्धर

समुह, चौँम समुह, वर्मा समुह, रोहित समुह र तुल्सीलाल समुह सामेल थिए । वाममोर्चा गठनले आन्दोलनलाई अरु अनुकूल बनाइदियो । नेपाली काँग्रेससँग सहमति कायम गरेर फागुन ७, ०४६ देखि संयुक्त जनआन्दोलन उठाउने निधो भयो ।

७ फागुन ०४६ देखि सुरु गरिने पञ्चायत व्यवस्था तथा निरङ्कुश राजतन्त्र विरोधी आन्दोलनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउने काममा जुट्नका लागि पार्टी केन्द्रले गम्भीरतापूर्वक निर्देशन जारी गऱ्यो । पार्टी कामको केन्द्रबिन्दु नै संयुक्त जनआन्दोलन बन्यो । अब जनकपुरमा हाम्रो काम जनआन्दोलनलाई प्रभावकारी बनाउनु थियो । यही विषयमा छलफल गर्नका लागि जनकपुर क्षेत्रीय सङ्गठन कमिटीको विशेष बैठक आयोजना गरियो । बैठक सर्लाहीको कर्मैयामा वोलाइएको जस्तो लाग्छ । आन्दोलनलाई प्रभावकारी बनाउन कस्तो तयारी गर्नुपर्ने भन्ने विषयमा बैठक केन्द्रित थियो ।

वाममोर्चा र नेपाली काँग्रेसको संयुक्त नेतृत्वमा भएको ०४६ सालको जनआन्दोलन अन्य जिल्लामा जस्तै जनकपुर अञ्चलमा प्रभावकारी ढंगले सञ्चालन भयो । यसमा हाम्रो पार्टीको पहलकदमी नै मुख्य थियो ।

केन्द्रीय कमिटीको पाँचौँ बैठक-०४७ कार्तिक ७-२४ सम्म काठमाडौँमा बस्यो । पार्टीका थुप्रै एजेण्डाहरूमध्ये पार्टी एकता सम्बन्धी प्रस्ताव एउटा महत्वपूर्ण प्रस्ताव थियो । आन्दोलनको आवश्यकताले वाममोर्चा गठन भयो, आन्दोलनको क्रममा एक अर्कालाई पहिचान गर्ने र बुझ्ने अवसर पनि प्राप्त भयो । आधारभूत सिद्धान्त मिल्ने वाम समुहहरूबिच पार्टी एकता नै किन नगर्ने भन्ने सवालहरू पनि उठे । यसै सन्दर्भमा पार्टीले एकताको पहल गर्ने सोच बनाएको थियो । पाँचौँ बैठकको दोस्रो सेसनमा कमरेड मदन भण्डारीले पार्टी एकता प्रस्तावबारे धारणाहरू प्रस्तुत गर्नुभयो । कुनै पनि वामपन्थी समुहसँग पार्टी एकता गर्न सकिने आधारहरूबारे कमरेड मदन भण्डारीले प्रस्तुत गर्नु भएका विचारहरू यस्ता थिए :

हामी त्यस्ता समुहसँग पार्टी एकता गर्न सक्छौँ, जो–

१) जडसूत्रवाद र विसर्जनवादको विरोध गर्छ
२) मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मान्दछ
३) समाजवाद-साम्यवादलाई उच्चतम लक्ष मान्दछ
४) पुँजीवादी-जनवादी क्रान्तिलाई वर्तमान क्रान्तिको चरित्र ठान्दछ
५) बाटोको सन्दर्भमा वर्ग-सङ्घर्ष लाई मुख्य कडी ठान्दछ
६) जनवादी केन्द्रीयताको सिद्धान्तलाई सङ्गठनात्मक सिद्धान्त मान्दछ आदि ।

कमरेड मदन भण्डारीले प्रस्तुत गर्नु भएका धारणाहरूबारे व्यापक छलफल भयो । यस बैठकले पार्टी एकताको निम्ति उपयुक्त आधार रहेको एउटा प्रस्ताव अघि सार्ने निधो गऱ्यो । एकता वार्ताको निम्ति एउटा टिम पनि निर्माण गऱ्यो, त्यस टिममा हुनुहुन्थ्यो कमरेड माधव नेपाल, कमरेड जीवराज आश्रित र राधाकृष्ण मैनाली ।

२२ पुसको दिन पाटनको शंखमूलमा (सिद्धिलाल सिंहको निवास) दुवै पार्टीको केन्द्रीय कमिटीको संयुक्त बैठक बस्यो । पार्टीको नाम नेकपा( एमा र ले) राखियो । केन्द्रीय सङ्गठन समिति निर्माण गरियो अध्यक्ष मनमोहन अधिकारी र महासचिव मदन भण्डारी रहनु भयो । ६९ जनाको राष्ट्रिय परिषद् बनाइयो । १-२ माघ ०४७ मा गर्ने सोच राखिएको पाँचौं महाधिवेसन हाललाई गर्न नसकिने भनेर बहुमतले फैसला गऱ्यो । २१ को विस्तारित बैठकमा महाधिवेशन गर्न सकिन्छ या सकिँदैन भनेर मतदान गरिएको थियो सकिन्छको पक्षमा २२ मत सकिन्नको पक्षमा २४ मत र ४ मत तटस्थ भएको थियो ।

अबको पार्टीको मूख्य काम एकिकरणलाई आधारभूत तहसम्म पुऱ्याउनु र आगामी संसदीय चुनावको तयारीमा जुटनु थियो ।

पार्टी एकताको मूल्यमा केही साथीहरू केन्द्रीय कमिटीबाट हट्नुपर्ने भयो । दुवै पार्टीको केन्द्रीय कमिटीलाई सर्लक्क नमिलाएर केही साथीहरू हट्ने र केन्द्रीय कमिटी सानो र चुस्त बनाउनु उपयुक्त हुन्छ भन्ने धारणा उचित थियो । तर हट्ने को ? हटाउने कसलाई ? हटाउने किन ? भन्ने प्रश्न उठ्नु स्वभाविक थियो । नेतृत्वका लागि यो अप्ठ्यारो समस्या थियो । यो अप्ठ्यारो फुकोस् भनेर पार्टी एकताको मूल्यमा म आफैले हात उठाएँ र मलाई केन्द्रीय कमिटीबाट हटाइदिनुस् भनें । अरु केही साथीले हात उठाउनु भयो । यसरी नेतृत्व निर्माणको गाँठो फुकाइयो । मार्क्सवादी समुहबाट को को हटाइए, मलाई थाहा भएन । अब म राष्ट्रिय परिषद्को सदस्य मात्र रहें र पदीय जिम्मेवारी घट्यो । मेरो ठाउँमा बोधराज काफ्ले इन्चार्ज भएर आउनुभयो । म जनकपुर अञ्चलको सचिव भएँ ।

जनकपुरमा काम गर्दा मैले सधैभरि सम्फिरहने एउटा विषय ०४८ बैशाख २९ को संसदीय निर्वाचन पनि हो । मलाई पार्टीले सर्लाहीको क्षेत्र नं. १ बाट उम्मेदवार बनाएको थियो । मलाई थाहा थियो, यो क्षेत्रमा हाम्रो पार्टीको विजय सम्भव छैन । यसका तीन वटा कारण थिए पहिलो, सोह्रवटा (संभवतः त्यसबेलाको गाविस सङ्ख्या) गाविसमध्ये ७ वटा ठूला दक्षिण तर्फका गाविसमा हाम्रो पार्टीको सङ्गठन त परै जाओस्, सम्पर्कसम्म थिएन । दोस्रो, वाम एकताको सम्भावना पनि कम थियो । तेस्रो, म त्यहाँको स्थानीय मान्छे पनि थिइनँ । फेरि पनि पार्टीको निर्णयलाई मैले सहर्ष स्वीकार गरें ।

प्रचारका सबै तरिका हामीले प्रयोग गऱ्यौं । साइकल ऱ्याली, घर दैलो, जनसभा, ऱ्याली, रात्रिकालीन कोणसभाहरू, व्यक्तिगत भेटघाट, उम्मेदवार परिचय कार्ड वितरण, पोस्टर टाँस्ने, भित्त लेखन आदि सबै तरिका अपनाइयो ।

हामीलाई रकमको ठुलो समस्या थियो । उत्साह राम्रो भएको, विवाद र गुनासो केही नरहेको कारण साथीहरूले आआफै उठाएर खर्च गर्नु भयो ।

त्यसबेला रकमका लागि उम्मेदवारमाथि भरोसा गर्ने, रकम खर्च गर्न नसक्ने उम्मेदवारलाई हेला-होँचोको दृष्टिकोणले हेर्ने संस्कृति सुरु भइसकेको थिएन । उम्मेदवारले बेखर्ची भएकोमा हीनताबोध गर्नुपर्ने अवस्था थिएन । तर पनि रकम चाहिन्थ्यो, प्रचारका र साधनहरू आवश्यक थियो । त्यो हुन सकेन, केही थोरै मोटर साइकल, साइकल र पैदल यात्राबाटै काम चलाइयो । विपक्षीहरूका जीपहरू दौडिँदा मुखभरि पानी त आउँथ्यो तर त्यो आफै सुक्थ्यो ।

केन्द्रले निर्वाचन सहयोग वापत रु. पाँच हजार पठाएको थियो । कमरेड विनोद घिमिरे र मैले त्यसको उपयोगिताबारे छलफल गऱ्यौँ । रक्सौलबाट एउटा जीप केही समयको लागि भाडामा ल्याउने कुरा भयो । कमरेड विनोद घिमिरेले बिरगञ्जमा त्यो काम कसैलाई जिम्मा दिनु भयो र रकम पनि छोड्नु भयो । हामीले बाटो हेऱ्यौँ न जीप आयो, न रकम आयो ।

अभियानमा कमरेडहरू विनोद घिमिरे, मुकुन्द श्रेष्ठ, तुल्सा दाहाल, नारायणी ढुङ्गाना, ध्रुव पोखेल, पवन मुडभरीको अतुलनीय भूमिका रह्यो । तुल्सा दाहाल र नारायणी ढुङ्गानाको भूमिकाले महिलाहरूलाई जुरुक्कै उठायो । चुनाव हारियो, तर क्षेत्रको पार्टी काम ज्यादै बलियो भयो । चुनाव सकिएपछि एक पटक फेरि घरदैलो कार्यक्रम गरेँ । परवानीपुरका महिलाहरू पराजयको पीडाले धेरै रुनु भयो । उहाँहरूको रुवाइले मलाई पनि धेरै भावुक बनायो । मैले उहाँहरूलाई सम्झाएँ । निर्वाचनले आमजनतालाई कति गहिरो गरी राजनीतिमा डुबाउँछ भन्ने कुराको अनुभूति भयो ।

पार्टीभित्र अन्तर्विरोध त छँदै थियो । २०५३ सालतिर त्यो चरम बिन्दुमा पुग्यो । बाहिर देखिने गरी आरोप-प्रत्यारोपहरू सुरु भए । कमरेड वामदेव गौतमले महासचिव माधव नेपाल विरुद्ध पार्टीमा १५ वटा आरोप दर्ता गर्नु भयो । कमरेड माधवकुमार नेपालले राजीनामा गर्नुपर्छ भन्ने उहाँको माग थियो ।

वास्तवमा सार्वजनिक ढङ्गले नै बाहिर आएका यस्ता आरोप-प्रत्यारोपहरूको तरङ्गले कार्यकर्ताको मन अत्यन्त चिसो हुन थालेको थियो । पार्टी कामलाई उत्साहसाथ अघि बढाइरहेका हामीहरू ज्यादै खिन्न भयौँ । नेतृत्वलाई भेटेर किन यस्तो भइरहेको भन्ने बारेमा जानकारी लिन र यस्तो नगर्न सुझाव दिन इच्छा जाग्यो । २०५३ सालको फागुन ७ गते बिहान हामी कमरेड के.पी.ओलीको निवासमा पुग्यौँ । कमरेहरू काशिनाथ अधिकारी, डोरमणि पौडेल र म थियौँ । हाम्रो चिन्ता गम्भीरतापूर्वक जाहेर भयो ।

फागुन ७ गतेकै दिन हामीले कमरेड माधव कुमार नेपाललाई पनि भेट्यौँ । "आरोप-प्रत्यारोप बजारमा छरिएका छन्, यो बेठिक हो । यसले पार्टी कामलाई गम्भीर आघात पुगेको छ । पद्धतिगत ढङ्गले समस्याको समाधान हुनुपर्‍यो ।" हामीले उहाँसँग गरेको कुराको सार यही थियो । उहाँले पार्टी एकताबद्ध हुनेमा आस्वस्त पार्नु भयो। अन्य जिम्मेवार नेताहरूसँग पनि भेटेर कुरा गर्ने हाम्रो इच्छा रह्यो ।

फागुन ८ गते डिहाँन ८:०० बजे हामी कमरेड मनमोहन अधिकारीको निवासमा पुग्यौँ। त्यहाँ जानेमा कमरेडहरू पुरुषोत्तम पौडेल, सीता पौडेल, रामकुमार भट्टराई, कल्याणी खड्का थप हुनु भएको थियो । हामीले पार्टीलाई एकताबद्ध बनाएर लान हार्दिक अनुरोध गर्‍यौँ । "म छु, तपाईंहरू ढुक्क हुनुहोस् । पार्टीलाई मिलाएर लगिनेछ ।" कमरेड मनमोहनले व्यक्त गर्नु भएको यो भनाइले वास्तवमा हामीलाई एक किसिमले ढुक्क बनायो । त्यसै दिन हामीले राधाकृष्ण मैनाली र मोदनाथ प्रश्रितसँग पनि भेट गर्‍यौँ । खोइ किन हो, राधाकृष्ण मैनालीको प्रस्तुति आक्रोसपूण थियो । झलनाथ खनाल, वामदेव गौतमसँग पनि हामीले त्यो दिन भेट्न चाह्यौँ तर उहाँहरूसँग भेट भएन । हामी उहाँहरूलाई पनि यसरी भेटेर हामी नारायणीको आवाज सुनाउन चाहन्थ्यौँ ।

९ फागुन, २०५३ का दिन पार्टी केन्द्रीय कार्यालय बल्खुको प्राङ्गमा कार्यकर्ताको ठुलो भिड थियो। भिडमा चिन्ता र उत्सुकता देखिन्थ्यो। आज केन्द्रीय कमिटीको बैठक बल्खुमा बस्दैछ र त्यहाँ महासचिवलाई हटाउने औपचारिक प्रस्ताव दर्ता हुँदैछ भन्ने हल्ला व्यापक थियो। हामी १:०० बजेतिर केन्द्रीय कार्यालयमा पुग्दा भिडमा व्याप्त थियो यो चर्चा। संभवतः त्यसै दिन चिनियाँ नेता कमरेड तेङ सिआयो पिङको देहवसान भएको कारण केन्द्रीय कमिटीको बैठक १ घण्टाजति बसेर स्थगित भएछ। कमरेड माधव कुमार नेपालसँग भेटेर विस्तृत कुराकानी गर्ने र बुझ्ने इच्छा लाग्यो। त्यही दिन ४:०० बजे बेलुका कोटेश्वर निवासमा भेटघाट भयो।

कार्यकर्ताको भावना नेतृत्व समक्ष पुऱ्याउँदा सही नीति निर्माणमा सहयोग पुग्छ भन्ने आसयका साथ हाम्रो यो भेट भानात्मक दवावको भेट थियो।

अन्यत्र जस्तै नारायणी अञ्चलमा हामीले साँच्चै पार्टीलाई ठिक ठाउँमा ल्याउनका लागि अरु सङ्गठित दबावको पनि आवश्यकता छ भन्ने लाग्यो। १३ फागुन २०५३ का दिन अञ्चल समन्वय कमिटीको बैठक बोलाइयो चितवनमा। छलफलको एउटै विषय थियो "पार्टीको केन्द्रीय कमिटीमा देखिएका अस्वस्थ गतिविधि सम्बन्धमा" भन्ने विषयमा बैठकमा व्यापक छलफल चलाइयो। छलफलपछि बैठकले यस्तो निर्णय गऱ्यो, "वर्तमान केन्द्रीय कमिटीमा सैद्धान्तिक, वैचारिक, राजनैतिक विचलन देखिएको हुँदा यसले पाचौं महाधिवेसनको म्याण्डेटको आधारमा नेतृत्व गर्न सक्तैन भन्ने ठहर गरी विशेष महाधिवेसनको माग गर्ने।" जिल्ला कमिटीहरूलाई पनि यसो गर्न लगाउने सोच बनायौं। यो बैठकमा १० जनाको उपस्थिति थियो - केदार न्यौपाने, देवी ज्ञवाली, ललित वस्नेत, रामेश्वर राना, चिरञ्जीवी आचार्य, पिताम्बर पौडेल, विष्णु घिमिरे, रणध्वज कन्दङवा, रामकुमार भट्टराई र सीता पौडेल।

१४ फागुनका दिन मकवानपुर जिल्ला कमिटीको बैठकले विशेष महाधिवेशनको माग गऱ्यो । १८ फागुनका दिन पर्सा पार्टी सङ्गठन कमिटीले विशेष महाधिवेसनको माग गरी पत्राचार गर्ने निर्णय गऱ्यो । बैठक गणेश सर्राफको निवासमा बसेको थियो । यो निर्णयको विपक्षमा नागेन्द्र चौधरी, वैद्यनाथ ठाकुर, उद्धव कडेरियाले फरक मत राख्नु भयो ।

२०५३ साल फागुनमा भएको केन्द्रीय कमिटीको ३२औं" बैठक सबैभन्दा लामो, चर्चित र उत्सुकताले भरिएको बैठक रह्यो । बैठकमा जुन खालका आरोप-प्रत्यारोपहरू दर्ता भएका थिए । तिनलाई हेर्दा पार्टी एकताबद्ध हुन्छ भन्ने धेरैलाई लागेकै थिएन । तर नेतृत्वले सुझबुझका साथ आत्मसमिक्षा गर्दै आपसी समझदारीको १२ बुँदे निर्णय गरेर पार्टीलाई फुट्नबाट जोगाउने काम गऱ्यो ।

२०५५ भाद्रको कुरा हो । चिनियाँ कम्युनिष्ट पार्टीको मैत्रीपूर्ण निमन्त्रणामा हाम्रो पार्टी नेकपा (एमाले) ले पार्टीको एउटा प्रतिनिधि मण्डल चीन पठाउने निधो गऱ्यो । प्रतिनिधि मण्डल १० दिनको लागि चीन जाँदै थियो । ५ जनाको प्रतिनिधि मण्डलमा म पनि एउटा सदस्य थिएँ । प्रतिनिधि मण्डलको नेतृत्व कमरेड के.पी.ओलीले गर्नु भएको थियो । अन्य सदस्यहरूमा देवेन्द्र घिमिरे, रामचन्द्र भट्टराई र राजेन्द्र पाडे हुनुहुन्थ्यो । १३ भदौ राति १०:०० बजे हामी काठमाडौंबाट उड्नु थियो । आफूलाई चीन भ्रमणको प्रतिनिधि मण्डलको सदस्य बनाएको कुरा मैले ५ भदौमा जानकारी पाएको थिएँ ।

कम्युनिष्ट पार्टीको सिद्धान्त बोकेर क्रान्तिमा लागेका हामी सबैका लागि चीन एउटा आदर्श थियो । त्यहाँको समाज व्यवस्थाबारे आफ्नै आँखाले अध्ययन गर्ने एउटा उत्सुकता पनि थियो । पार्टीले सम्झिएकोमा मेरो खुसीको सीमा नै रहेन । सीमाहीन खुसी र उत्सुकता बोकेर तय गरिएको समयमा नै चीनतर्फ उड्ने काम भयो ।

हामीलाई साङ्घाईको त्यो पूरानो घरमा लगियो, जहाँ सन् १९२१ मा चिनियाँ कम्युनिष्ट पार्टीको पहिलो अधिवेशन भएको थियो । अधिवेशन भूमिगत थियो । महाधिवेसनमा कमरेड माओ त्सेतुङसहित १३ जना प्रतिनिधि थिए । तिनले त्यसबेला ५३ जना सदस्यहरूको प्रतिनिधित्व गरेका थिए । त्यो कोठा र कोठामा राखिएका कुर्सीहरूको अवस्था देखाइयो, जहाँ महाधिवेशनका १३ जना प्रतिनिधिहरू बसेर छलफल गरेका थिए । त्यो ऐतिहासिक पूरानो घर कमरेड लि हान चुन (Li Han Jun) को भनियो, जो आफै महाधिवेशन प्रतिनिधि थिए । अधिवेशन हुँदाहुँदै दुस्मनले थाहा पाएर प्रतिनिधिहरू भाग्नु परेको रहेछ । अधिवेशनकाबाँकी काम पछि जहाजमा गरिएको रहेछ । त्यो जहाजको भव्य फोटो पनि कोठाको भित्तामा टाँसिएको छ । हामीले जहाजको सजीवजस्तो देखिने चित्रलाई ध्यान दिएर हेऱ्यौं । चिनियाँ कम्युनिष्ट पार्टीको यात्रा कसरी सुरुआत भएको थियो भन्ने कुराले हामीलाई भावुक बनायो र प्रेरणा जगायो ।

चीन भ्रमणको आज पाचौं दिन दुई पार्टी र दुई देश बिचको परस्पर मैत्रीपूर्ण सम्बन्धको विकासको लागि चिनियाँ कम्युनिष्ट पार्टीसँग कुराकानी भयो । कुराकानी चिनियाँ कम्युनष्टि पार्टी केन्द्रीय कमिटीका अन्तर्राष्ट्रिय विभागको हेड क्वाटरमा भयो । हामीलाई हेडक्वाटरमा भाइस मा वेन पु (Ma Wen Pu), चि पिङ, फे योङ जी, ताङ् तुओ फुनले स्वागत गर्नुभयो । वार्तामा पहिले कमरेड मा वेन पुले आफ्ना कुराहरू राख्नुभयो । "नेकपा (एमाले) को उच्च स्तरीय प्रतिनिधि मण्डललाई स्वागत" भन्दै उहाँले वर्तमान चीनको अवस्था र चिनियाँ कम्युनष्टि पार्टीले लिएको नीतिबारे लामो व्याख्या गर्नुभयो । चीनको बारेमा लागेका कुराहरू खुलाखुलस्त भन्न र नेपालको बारेमा जानकारी गराउन हाम्रो प्रतिनिधि मण्डलसँग अनुरोध गर्दै उहाँले पहिलो चरणको आफ्नो कुरा टुङ्ग्याउनु भयो । प्रतिनिधि मण्डलको तर्फबाट कमरेड के.पी. ओलीले छैठौं महाधिवेशनपछि हाम्रो पार्टीभित्रको स्थिति, अवसरवादी अराजक गुटले कसरी फार्टी फुटाउन खोजे र नसकेपछि कसरी बाहिरिए भन्ने विषय, संसदीय दल विभाजनपछि पार्टीको अवस्था, मुलुकका अन्य राजनीतिक शक्तिको

मूल्याङ्कन र तिनीहरूप्रति नेकपा(एमाले) को धारणा आदि विषयमा स्पष्ट पार्नु भयो । बिचमा केही प्रश्नोत्तरहरू पनि भए । कमरेड के.पी. ओलीले प्रतिनिधि मण्डलको तर्फबाट निम्न विषय उठाउनु भयो :

- नेपालको पश्चिम क्षेत्रको त्रिदेशीय सिमा बिन्दु सम्बन्धमा
- हुम्ला, जुम्ला र डोल्पाका चीन सीमा क्षेत्रमा देखिएका चरन् समस्या सम्बन्धमा
- रसुवा जिल्लामा धुन्चे-केरूङ सडक निर्माण सम्बन्धमा
- हुम्ला-ताक्लाकोट सडक निर्माण सम्बन्धमा
- किमाथांका-खाँबारी सडक निर्माण सम्बन्धमा
- नेपालको जलस्रोतमा चिनियाँ लगानी सम्बन्धमा
- चीनमा नेपाली विद्यार्थीहरूलाई अध्ययन गर्न छात्रवृत्ति सम्बन्धमा

चरन् सम्बन्धमा नेपालको हितमा उदार हुन, सडक निर्माणमा सहयोग पुऱ्याउन, नेपालको जलस्रोतमा चिनियाँ लगानीबारे ध्यान पुऱ्याउन आदि विषयमा अनुरोध गरियो । चीनको तर्फबाट यी सम्पूर्ण विषयमा गम्भीरतापूर्वक नोट गरियो । मा वेन पुले अन्त्यमा निम्न कुराहरू राख्नुभयो :

- पुँजीवाद लेनिनको जमानामा जस्तो होइन अहिले यो बलियो छ । पुँजीवादले आफ्नो आयु लम्ब्याउन शोषणका तरिकाहरू फेरेको छ । त्यसलाई एकै झट्कामा समाप्त गर्न कठिन छ । हामी आफ्नो मातृभूमिलाई बलियो पार्छौं । चीन बलियो भयो भने मात्र विश्वका प्रतिक्रियावादीलाई हराउन सकिन्छ ।

- चिनियाँ कम्युनिष्ट पार्टीको १५औं महाधिवेशनले तेङ् साओ पिङको सिद्धान्तलाई पार्टीको मार्गदशक सिद्धान्त मान्ने निर्णय गरेको छ । तेङ् साओ पिङको सिद्धान्त मार्क्सवाद-लेनिनवाद-

माओ विचारधारको चिनीयाँ विकसित रूप हो । हामी अहिले यसैलाई आधार मानेर अघि बढ्छौँ ।

- बाढीको प्रकोप अहिले चीनको ठुलो समस्या हो । २० अर्ब अमेरिकी डलर नोक्सानी भएको छ । ३ हजार मानिस मरेका छन् । फेरि पनि यो सङ्कटलाई हामी आफैले पार्टी, जनमुक्ति सेना र जनता मिलेर समाधान गर्‍यौँ । मलाई लाग्छ अरू देशमा यो सम्भव थिएन । विगतका दिनमा पनि यो सम्भव थिएन । यो आत्मनिर्भरता र ताकत समाजवादको उत्कृष्टताको एउटा नमूना हो ।

- पार्टी फुटेको भए पनि नेकपा (एमाले) को विजय हुन्छ भन्ने कुरामा आफूलाई विश्वास छ । किन कि तपाईंहरू आफ्नो देशको परिस्थिति अनुसार काम गर्दै हुनुहुन्छ । छैठौँ महाधिवेशनमा प्रतिनिधिहरूको स्थिति हेरेर आफूलाई नेकपा (एमाले) को पक्षमा जनसमर्थन छ भन्ने लागेको थियो । नेपाल हाम्रो पूरानो र राम्रो साथी हो, सहयोग र मित्रता बढोस् ।

चीनमा आएको बाढीले पुर्‍याएको क्षतिप्रति नेकपा (एमाले) को तर्फबाट हाम्रो पार्टी अध्यक्ष र महासचिवले चिनियाँ नेताहरू समक्ष दुःख व्यक्त गरेको सन्देश पठाउनु भएको कुरा के.पी. ओलीले सुनाउनु भएपछि मा वेन पुले धन्यवाद दिनु भयो ।

मेरा रामलाल (उपन्यास), बुहारी नाटक (किरण उप्रेतीको नामबाट), नेकपा (माले) कस्तो पार्टी हो ?, अराजक अवसरवादी गुटको उदय, विकास र पतन, पत्रपत्रिकामा प्रकाशित लेखहरू, असम्बोधित नायकहरू, प्रकाशनको तयारीमा नबिर्सिएका ती दिनहरू कृतिहरू प्रकाशित र अप्रकाशित छन् ।

नेकपा मालेको गठन ०३५ साल पौष ११ गते । म जेलमा भएको कारण त्यो सम्मेलनमा सहभागी हुन सकिनँ । त्यसपछिका दसौँ महाधिवेशनमा बाहेक चौथोदेखि नवौँसम्म सबै महाधिवेशनहरूमा सामेल हुने मौका पाएको छु । आज पनि म केन्द्रीय सदस्यको रूपमा जिम्मेवारी निर्वाह गरिरहेको छु । कम्युनिष्ट पार्टी निर्माणको क्रममा मेरा अनुभवहरू सूत्रबद्ध गर्नुपर्दा यसरी भन्न सक्छु ।

पहिलो : आफूलाई नबिर्सिएर पार्टी बन्दैन ।

दोस्रो : पार्टीभित्र मतभेदहरू भइरहन्छन् । जतिसुकै मतभेद भए पनि मार्गदर्शक सिद्धान्त, लक्ष्य र मूल कार्यदिशामा भिन्नता नहुँदसम्म पार्टी फुटाउनु र पार्टीबाट अलग हुनु गलत हुन्छ ।

तेस्रो : मूल्याङ्कनको प्रश्नमा आफू अन्यायमा परेको हुनसक्छ, भिन्न मत राखेको कारण आफू अपहेलित भएको हुन सक्छ, पटकपटक आफ्ना कुराहरू पार्टीमा अस्वीकृत हुन सक्छन्, यी सबै कुराका वाबजुद हतास र निराश हुनु गलत हुन्छ । पद्धति नतोडिकन आफ्ना विचार प्रस्तुत गर्ने र जिम्माको काम पूरा गर्ने तरिका नै सही हुन्छ ।

चौँथो : पहलकदमी लिने, कार्यकर्ता र जनतामा भरोसा गर्ने, कामको आधारमा नेतृत्वसँग घनिष्ठ हुने, सही सूचना प्रदान गर्ने र चाकरी प्रथालाई तिरस्कार गर्ने कुरा सही हुन्छ ।

पाँचौं : पछाडि कुरा काट्ने र अगाडि दुरुस्त हुने, नीतिहीन सम्बन्ध विकास गर्ने, बेठिक मान्छेहरूको सङ्गतलाई बलियो पार्ने र जीवनलाई रहस्यमय बनाउने काम गलत हुन्छ ।

छैठौं : बहसमा गालीगलौजको शैली पश्चात्तापपूर्ण हुन्छ ।

सातौँ : कसैको पनि राम्रा पक्षको प्रशंसा गर्न चुक्नु हुँदैन । प्रशंसा अगाडि नै गर्नुपर्छ । कमजोर पक्ष हटाउन सुझाव दिनुपर्छ ।

आठौँ : आफूले गरेका राम्रा कामप्रति कहिल्यै पश्चात्ताप गर्नु भूल हुन्छ ।

नवौँ : आफ्नै दिमाग खेलाऊँ, आफैमाथि विश्वास गरौँ ।

●